# गैरआवासीय नेपाली संघ

# राजिनामा, निष्काशन र पदपूर्ति सम्बन्धि नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ राजिनामा, निष्काशन र पदपूर्ति सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३
   - *सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**<u>प्रस्तावनाः</u>**

गैरआवासीय नेपाली संघको विधान २००३ *......................... को दफा ३० कार्यान्वयनका लागि अन्तराष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरुको राजिनामा वा निष्काशन व्यवस्थित गर्न बाञ्छनिय भएको; अन्तराष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरुको राजिनामा वा निष्काशन गरि पश्चात् खालि भएको पदमा बाँकी अवधिको लागि पदपूर्ति गर्ने व्यवस्था गर्न आवश्यक भएको एवं राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरुको हकमा समेत राजिनामा, निष्काशन र पदपूर्तिको व्यवस्था गर्न बाञ्छनीय भएको हुँदा ऐ. विधानको दफा १७.६ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यो नियमावली बनाएको छ ।

१. **<u>नाम र प्रारम्भः</u>**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली संघ राजिनामा, निष्काशन र पदपूर्ति सम्बन्धी नियमावली २०२३" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय भएको मिति बाट लागू हुनेछ ।*<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *......................... लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउँने छ ।

(घ) "**पदाधिकारी**" भन्नाले विधानको दफा ५ को उपदफा ५.१४ मा उल्लेखित पदाधिकारी र राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीलाई सम्झनु पर्छ ।

(ङ) "**सदस्य**" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य र राष्ट्रिय समन्वय परिषद्का सदस्यलाई जनाउनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

(च) **"राष्ट्रिय समन्वय परिषद्"** भन्नाले विधानको दफा २३ अनुसार गठन हुने राष्ट्रिय समन्वय परिषदलाई जनाउँनेछ ।

(छ) **"संरक्षक परिषद्"** भन्नाले विधानको दफा १६ अनुसार गठन हुने संरक्षक परिषद्लाई जनाउँनेछ ।

३. **उद्देश्यः**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पद त्याग गरेका पदाधिकारी वा सदस्यको बाँकी अवधिको लागि पद रिक्तता हुन नदिनको लागि संघको विधानको दफा २१ को उपदफा २१.४ र २१.५ अनुसार पदपूर्ति गर्ने यस नियमावलीको मूल उद्देश्य रहेको छ ।

(२) राष्ट्रिय समन्वय परिषद्का पद त्याग गरेका पदाधिकारी वा सदस्यको बाँकी अवधिको लागि पद रिक्तता हुन नदिन समेत यस नियमावलीको उद्देश्य रहेको छ ।

४. **राजीनामा दिने प्रकृयाः**

(३) अन्तर्राष्ट्रिय समन्वय परिषदको अध्यक्षको हकमा नीजले कारण सहितको लिखित राजीनामा संरक्षक परिषद्लाई जानकारी गराउदै अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नु पर्नेछ र नीजको राजिनामा स्वीकृत वा अस्वीकृत गर्ने निर्णय अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकले गर्नेछ ।

(४) अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्यहरुले कारण सहितको लिखित राजिनामा अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्नेछ र नीजको राजनीमा स्वीकृत वा अस्वीकृत गर्ने निर्णय अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकले गर्नेछ ।

(५) राष्ट्रिय समन्वय परिषदको अध्यक्षको हकमा नीजले कारण सहितको लिखित राजीनामा सम्बन्धित राष्ट्रिय समन्वय परिषदको विधानमा लेखिए बमोजिम अथवा राष्ट्रिय समन्वय परिषद्को संरक्षक परिषद् र सम्बन्धित क्षेत्रको क्षेत्रीय संयोजकलाई जानकारी गराउदै सम्बन्धित राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नु पर्ने छ र नीजको राजीनामा स्वीकृत वा अस्वीकृत गर्ने निर्णय राष्ट्रिय समन्वय परिषद्को बैठकले गर्नेछ र सोको जानकारी अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई गराउनु पर्नेछ ।

(६) राष्ट्रिय समन्वय परिषदको पदाधिकारीहरुले कारण सहितको लिखित राजीनामा राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष मार्फत राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्नेछ र नीजको राजीनामा स्वीकृत वा अस्वीकृत गर्ने निर्णय राष्ट्रिय समन्वय परिषद्को बैठकले गर्नेछ ।

(७) राष्ट्रिय समन्वय परिषदका सबै पदाधिकारीहरुले राजिनामा दिनु पर्ने परिस्थितिमा उक्त राजिनामाको जानकारी क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई दिनु पर्नेछ । उक्त राजिनामा स्वीकृत वा अस्वीकृत गर्ने निर्णय अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकले गर्नेछ ।

***४(क). निष्काशनः**

(१) अन्तराष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यले संघको हीत विपरित कार्य गरेमा वा संघलाई नोक्सानी पुर्‍याउने ठहर भएमा विधानको दफा ३० अनुसार कारवाही गरी पदबाट निष्काशन गरिनेछ ।

(२) उपनियम (१) अनुसार निष्काशन गर्दा निष्काशन गर्न पर्ने देखिएको व्यक्तिलाई विधानको दफा ३० मा तोकिए अनुसार स्पष्टिकरणको उचित अवसर विधानको दफा ३० अनुसार गठित अनुशासन समितिले दिनु पर्नेछ ।

(३) उपनियम (२) अनुसार प्राप्त स्पष्टिकरण चित्त नबुझेमा अनुशासन समितिले खराव आचरण गर्ने पदाधिकारी र सदस्यलाई निष्काशन गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।

(४) उपनियम (३) अनुसार भएको निष्काशनको विवरण अनुशासन समितिले निर्णय भएको मितिले ७ (सात) दिन भित्र अन्तर्राष्ट्रिय समन्वय परिषद्को जानकारीलाई पेश गर्नु पर्नेछ ।

५. **पदपूर्ति गर्ने प्रक्रियाः**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्षको हकमा *८ जना उपाध्यक्ष मध्ये एक बाट हुनेछ । यसको निर्धारण अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकको सहमतिबाट र यदि सहमति नभएमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरुको गोप्य मतदानबाट बाँकी अवधिको लागि अध्यक्षको चयन गरिनेछ ।

(२) अध्यक्ष बाहेक अन्तर्राष्ट्रिय समन्वय परिषदका अन्य पदाधिकारीहरुको पद रिक्त भएमा सो रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अर्को बाँकी अवधिका लागि पदपूर्ति गर्नेछ । यसरी नियुक्त हुने पदाधिकारी साबिकको अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य रहेको हुनु पर्नेछ ।

(३) पदाधिकारीहरुको पदपूर्ति अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सहमतिमा गर्नेछ । सहमति भएन भने अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र सदस्यहरुको गोप्य मतदानबाट बाँकी अवधिको लागि पदाधिकारीको चयन गरिने छ ।

(४) अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरुको हकमा भने सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को निर्णय बमोजिम हुनेछ । ।

(५) राष्ट्रिय समन्वय परिषद्को अध्यक्षको हकमा उपाध्यक्षहरु मध्ये एक बाट हुनेछ । यसको निर्धारण राष्ट्रिय समन्वय परिषदको बैठको सहमतिबाट र यदि सहमति नभएमा राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरुको गोप्य मतदानबाट बाँकी अवधिको लागि अध्यक्षको चयन गरिनेछ । रिक्त भएको पदपूर्तिको जानकारी अन्तर्राष्ट्रिय समन्वय परिषदलाई गराउनु पर्नेछ ।

(६) राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीहरुको पदपूर्ति राष्ट्रिय समन्वय परिषद्ले सहमतिमा गर्नेछ । सहमति भएन भने राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र सदस्यहरुको गोप्य मतदानबाट बाँकी अवधिको लागि पदाधिकारीको चयन गरिनेछ । रिक्त भएको पदपूर्तिको जानकारी अन्तर्राष्ट्रिय समन्वय परिषदलाई गराउनु पर्नेछ ।

(७) राष्ट्रिय समन्वय परिषद् तदर्थ समितिको हकमा राष्ट्रिय समन्वय परिषद्कै बमोजिम हुनेछ ।

(८) पदपूर्ति भएर आउनेहरु कार्यबाहक पदाधिकारीको हैसियतले काम गर्ने छन् ।

(९) राष्ट्रिय समन्वय परिषदका सबै पदाधिकारीहरुको पद रिक्त भएमा नयाँ समितिको निर्वाचन गर्नु पर्नेछ ।

(१०) निर्वाचन सम्बन्धि ब्यवस्था अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम हुनेछ ।

६. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

*६(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा थप ।

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

७. **यसै नियमावली बमोजिम हुने:**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

८. **खारेजी र बचाउः**

(१) राजिनामा, निष्काशन र पदपूर्ति सम्बन्धि नियमावली, २०२० खारेज गरिएको छ ।

(२) राजिनामा, निष्काशन र पदपूर्ति सम्बन्धि नियमावली, २०२० बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।